# Civil Aviation Authority of Nepal
# नेपाल नागरिक उड्डयन प्राधिकरण

## आर्थिक वर्ष २०७७।०७८ को नीति, बजेट तथा कार्यक्रम

# आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमका प्राथमिकताहरु

- संस्थागत सुधार ।
- विमानस्थल निर्माण तथा स्तरोन्नति ।
- संचार उपकरण, सुरक्षा उपकरण तथा मौसमी उपकरण जडान एवं स्तरोन्नति ।
- अन्तर्राष्ट्रिय विमानस्थलमा Passenger Processing System को आधुनिकिकरण गर्ने।
- हवाई सुरक्षा तथा उड्डयन सुरक्षा सुदृढिकरण ।
- ICAO लगायत उड्डयन क्षेत्रका अन्तर्राष्ट्रिय संस्थाहरुसंग सहकार्य।
- आय वृद्धि ।
- जनशक्ति विकास ।

# विमानस्थल पुर्वाधार विकास सम्बन्धी नीति

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक एप्रोन क्षेत्र विस्तारको कार्य अगाडि बढाइनेछ र धावनमार्गको दक्षिणतर्फ Parallel Taxiway विस्तारको कार्य अगाडी बढाइनेछ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा Boutique Airport को अवधारणा अनुरुपको बाँकि काम canopy structure र टर्मिनल भवनहरुको Renovation तथा साज-सज्जाको कार्य सम्पन्न गरिनेछ ।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजनाको तयार गर्ने कार्य प्रारम्भ गरिनेछ।
- विमानस्थल निर्माण तथा विस्तारका लागि आवश्यक पर्ने जग्गा अधिग्रहणको प्रकृया थालनि गरिनेछ ।
- तेह्रथुमको चुहानडाँडामा आन्तरिक विमानस्थल निर्माण कार्यको लागि वातावरणीय प्रभाव मुल्यांकन (EIA) कार्य सम्पन्न गरिनेछ।

# एयर नेभिगेसन सर्भिसेज सम्बन्धी नीति

- नेपालको हवाई आकाशमा Surveillance सेवाको विस्तारका लागि काठमाण्डौ, गौतमवुद्ध नेपालगञ्ज र धनगढी विमानस्थलमा जडित ADS-B Surveillance प्रणालीलाई सञ्चालनमा ल्याईनेछ ।
- ICAO APAC Seamless ANS Plan लागु गर्ने क्रममा सो का लागि आवश्यक सन्जाल पूर्वाधारको रुपमा Common Regional Virtual Private Network (CRV) लागू गरिनेछ ।
- निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल, Hub Airports (विराटनगर, नेपालगञ्ज) र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण लुक्ला विमानस्थलमा प्रभाबकारी Air Traffic Service (ATS) ब्यवस्थापनका लागि Electronics Flight Strip को जडान गरिनेछ ।
- हवाई उडान सुरक्षा अझ सुदृढ बनाउन त्रि.अ.वि लगायत विराटनगर, जनकपुर, नेपालगञ्ज तथा धनगढी विमानस्थलमा थप RNAV Procedure तयार गरी कार्यान्वयन गर्ने र अन्य Domestic Route लाई RNAV Route मा परिस्कृत गर्दै लगिनेछ ।

# उडान तथा हवाई सुरक्षा सम्बन्धी नीति

- गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई प्रमाणीकरण गरिनेछ ।
- ICAO Global Aviation Safety Plan अनुसार Nepal Aviation Safety Plan (NASP) परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले तोकेको मापदण्ड लागू गराउनुका साथै आवश्यक सुपरिवेक्षण, निरीक्षण, अनुगमन, संपरिक्षण तथा निगरानी कार्य गर्दै सोको दायरा फराकिलो पारी नेपालको समग्र उड्डयन सुरक्षा स्तरलाई अभिबृद्धि गर्दै लगिनेछ ।
- ICAO बाट सम्पन्न USOAP Audit बाट औंल्याईएका Findings को क्रमशः हल (Resolution) गरी नेपालको Effective Implementation (EI) दरलाई सुधार गर्दै लगिनेछ ।
- नागरिक उड्डयनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्था (ICAO, EASA, DGAC-France, COSCAP-SA, CANSO, ACI, CASP-AP) एवं संगठनसँगको समन्वय तथा सहकार्यलाई निरन्तरता दिइनेछ ।

# कर्पोरेट, प्रशासकीय तथा वित्तीय व्यवस्थापन सम्बन्धी नीति

- अन्तर प्रदेश हवाई उडान सञ्चालनको लागि वायुसेवा कम्पनीहरुलाई प्रोत्साहन गरिनेछ ।

- नेपाल नागरिक उड्डयन प्राधिकरणको सूचना प्रविधि नीति (IT Policy) तयार पारी लागु गरिनेछ ।
- फरक फरक कार्य प्रकृतिका लागि तयार पारिएका छुट्टा छुट्टै सफ्टवेयर लाई एकिकृत गरी एकद्वार प्रणाली मार्फत व्यवस्थापन सूचना प्रणाली (MIS) लाई व्यवस्थित गर्दै लगिनेछ ।

- प्राधिकरण तथा मातहतका निकायबाट हुने सबै प्रकारका निर्माण, परामर्श सम्बन्धी कार्यको लागि बोलपत्र आव्हान गर्दा सवारी साधन, कम्प्यूटर, ल्यापटप, फर्निचर आदि जस्ता सामानहरु समावेश गरी खरिद गर्न र भाडामा लिन समेत नपाइने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

- Common Use Passenger Processing System (CUPPS) तथा Baggage Reconciliation System(BRS), Self Baggage Drop (SBD) System जडान गरी सेवा सञ्चालनमा ल्याईनेछ।

# कर्पोरेट, प्रशासकीय तथा वित्तीय व्यवस्थापन सम्बन्धी नीति

- प्राधिकरणको काठमाण्डौं स्थित सम्पूर्ण Cost Center को खर्च तर्फका कारोबारको भुक्तानी एकल बिन्दुबाट गरिने प्रक्रियाको थालनी गरिनेछ ।
- आर्थिक तथा लेखापरीक्षण समितिको कार्यविधि तथा कार्यक्षेत्रगत शर्त (TOR) लाई समसामयिक परिमार्जन गर्दै समितिलाई थप प्रभाबकारी बनाइनेछ ।
- अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद गरिने यन्त्र उपकरणको बोलपत्र सम्बन्धि कागजात तयार पार्दा Factory Acceptance Test (FAT) र Operation and Maintenance Training को प्राबधान समाबेश गरिने छैन।
- निर्माण, आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी सम्पूर्ण खरिद प्रक्रिया बोलपत्रको माध्यमबाट गरिनेछ।

# विमानस्थल व्यवस्थापन तथा संचालन सम्बन्धी नीति

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा ल्याइनेछ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई आवश्यकतानुसार २४ सै घण्टा सञ्चालन योग्य राखिनेछ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल केन्द्रित वायुयान विसान आधारस्थल (Operation Base) लाई क्रमशः Hub Airport मा स्थानान्तरण गर्ने कार्य थप प्रभावकारी बनाइनेछ ।

- विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ ले विमानस्थलहरुमा परेको प्रतिकुल प्रभावबाट शिक्षा लिई त्रि.अ.वि. लगायतका अन्य विमानस्थलहरुमा पनि यो र यस्तै खालका Pandemic disease बाट सुरक्षित रहन सम्बन्धित निकाय संग समन्वय तथा सहकार्य गरी विमानस्थलबाट अपनाउनु पर्ने स्वास्थ्य सुरक्षा सम्बन्धी आवश्यक सबै सुरक्षा उपायहरु अपनाई सुरक्षित आवागमनको व्यवस्था मिलाईनेछ ।

# मानव संसाधन सम्बन्धी नीति

- ICAO को Trainair Plus को सदस्यता प्राप्त नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानलाई राष्ट्रिय उड्डयन प्रतिष्ठानको रुपमा विकास गरिने प्रक्रिया अगाडी बढाइनेछ ।
- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानबाट Standardized Training Package (STP) बमोजिमका पाठ्यक्रम तयार पारी राष्ट्रिय / अन्तर्राष्ट्रियस्तरमा हवाई सेवासँग सम्बन्धित तालीम सञ्चालन गर्दै लगिनेछ।
- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालन हुँदै आएका विभिन्न विषय/सेवा/समूहसँग सम्बन्धित तालीम कार्यक्रमहरुलाई निरन्तरता दिंदै थप तालीमका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालन गरिने तालिम कार्यक्रमहरुको पाठ्यक्रमहरु तथा Trainig Modality हरु समयानुकूल परिमार्जन गर्दै लगिनेछ ।
- विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण सिर्जना भएको विद्यमान परिस्थीतिमा जनशक्ती विकासको लागि Virtual Training Program लाई प्रोत्साहन गरिनेछ ।

## आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रममा समावेश भएका मुख्य-मुख्य कार्यक्रमहरु

# आ.व.२०७७/७८ को बजेट मा समावेश भएका मुख्य-मुख्य कार्यक्रमहरु

## क) जग्गा प्राप्ति तर्फ :

- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण गर्न २ अर्ब १६ करोड ८३ लाख बजेट विनियोजन भएको छ ।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण गर्न २० करोड बजेट विनियोजन भएको छ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण गर्न ७८ करोड बजेट विनियोजन भएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण गर्न ८० करोड बजेट विनियोजन भएको छ ।
- ताप्लेजुङ्ग, चन्द्रगढी, विराटनगर, रामेछाप, सुर्खेत, नेपालगंज, धनगढी, जुम्ला, राजविराज र डोटी विमानस्थल विस्तारको लागि आवश्यक जग्गा अधिग्रहण गर्न ६१ करोड रकम विनियोजन भएको छ।
- दाङ्गको नारायणपुरमा नयाँ विमानस्थल निर्माणका लागि जग्गा अधिग्रहणका लागि ५० लाख बजेट विनियोजन भएको छ ।

# आ.व.२०७७/७८ को बजेट मा समावेश भएका मुख्य-मुख्य कार्यक्रमहरु

## ख) पूर्वाधार निर्माण तर्फ :

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको उत्तर तर्फ एप्रोन तथा प्यारलल ट्याक्सी वे निर्माणका लागि १ अर्ब ९१ करोड २३ लाख बजेट विनियोजन भएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको दक्षिण तर्फ प्यारलल ट्याक्सी वे निर्माणका लागि १ अर्ब ४६ करोड १ लाख बजेट विनियोजन भएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन विस्तार तथा स्तरोन्नतिका लागि ४० करोड । बजेट विनियोजन भएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बुटिक एयरपोर्टको अवधारणाअनुसार बाँकी काम पूरा गर्नका लागि Canopy निर्माण/आन्तरिक टर्मिनल भवन निर्माणका लागि २८ करोड बजेट विनियोजन भएको छ ।

- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग तथा टर्मिनल भवन निर्माणका लागि ३ अर्ब २८ करोड ३ लाख बजेट विनियोजन भएको छ ।

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (निर्माण भवन तथा धावनमार्ग समेतका लागि) १० अर्ब २५ करोड बजेट विनियोजन भएको छ ।

# आ.व.२०७७/७८ को बजेट मा समावेश भएका मुख्य-मुख्य कार्यक्रमहरु

- निजगढ विमानस्थल निर्माणका लागि १९०० हेक्टर क्षेत्रफलमा रहेका रुख कटान तथा Site Clearance का लागि रु ३ करोड बजेट विनियोजन भएको छ ।
- निजगढ विमानस्थलको पेरिफेरी रोड निर्माणका लागि ५ करोड बजेट विनियोजन भएको छ ।
- १५ताप्लेजुङ्ग विमानस्थलको धावनमार्ग विस्तार कार्यका लागि २ करोड बजेट विनियोजन भएको छ ।
- ईलाम, गुल्मि, डोल्पा, मसिनेचौर, कालिकोट, बझाङ, बलेवा विमानस्थलको धावनमार्ग पक्की गर्न बजेट विनियोजन भएको छ ।
- तुम्लिङ्टार, राजविराज, सुर्खेत र सिमरा विमानस्थलको धावनमार्ग ओभरले गर्नका लागि बजेट विनियोजन भएको छ ।
- लुक्ला तथा सिमीकोट विमानस्थलमा एप्रोन तथा हेलिप्याड निर्माणका लागि बजेट विनियोजन भएको छ ।
- विराटनगर रामेछाप रारा तुम्लिङटार सार्फेबगर नेपालगंज सिमरा विमानस्थलमा टावर टर्मिनल भवन निर्माणका लागि बजेट विनियोजन भएको छ ।
- सिनामंगल स्थित AANSON भवन निर्माणका लागि बजेट विनियोजन भएको छ ।

# आ.व.२०७७/७८ को बजेट मा समावेश भएका मुख्य-मुख्य कार्यक्रमहरु

## ग) यान्त्रिक उपकरण तर्फः

- विराटनगर, राजविराज, थामखर्क, फाप्लु, नेपालगंज, दाङ्ग, रारा, डोटी, सार्फेबगर, बलेवा, रुम्जाटार र सिमिकोट विमानस्थलमा ATC Tower console जडानकालागि ८ करोड बजेट विनियोजन भएको छ ।
- डोटी, साफेबगर, राजविराज, रुकुम, जनकपुर, सिमरा, बलेवा, रारा, चन्द्रगढी, भरतपुर विमानस्थलमा मौसमी सूचना प्रणाली जडान तथा स्तरोन्नतिका लागि ४ करोड २६ लाख बजेट विनियोजन गरेको छ ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल संचालनका लागि यन्त्र तथा उपकरण खरीद तथ जडानका लागि ६० करोड बजेट विनियोजन गरेको छ ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, चन्द्रगढी, जनकपुर, सिमरा, भरतपुर र धनगढी विमानस्थलमा एक्सरे खरीद तथा जडानका लागि १४ करोड बजेट विनियोजन भएको छ ।
- काठमाडौं, धनगढी भैरहवा र नेपालगंज विमानस्थलमा ADS B संचालका लागि ३ करोड बजेट विनियोजन भएको छ।
- गौतमबुद्ध लुक्ला विराटनगर र नेपालगंजमा विमानस्थलमा EFS प्रणालीको जडान गर्नलाई १० करोड बजेट विनियोजन भएको छ ।
- अन्तर्राष्ट्रिय विमानस्थलमा CUPPS र BRS सेवाका लागि २५ करोड बजेट विनियोजन भएको छ ।

# आ.व.२०७७/७८ को बजेट मा समावेश भएका मुख्य-मुख्य कार्यक्रमहरु


- Flight inspection of CNS and visual aid equipment का लागि ५ करोड बजेट विनियोजन भएको छ ।
- Data Center स्थापनाका लागि ५ करोड बजेट विनियोजन भएको छ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि फायर भेईकल खरीदका लागि ४१ करोड १० लाख बजेट विनियोजन भएको छ ।
- Air Traffic Controller (ATC) जनशक्ति तालिमका लागि आवश्यक पर्ने सिमुलेटर खरिदका लागि बजेट विनियोजन भएको छ ।
- त्रि.अ.वि.को Remote Parking bay मा High Mast with lead light का लागि ३ करोड बजेट विनियोजन भएको छ ।
- त्रि.अ.वि मा Baggage Handling System जडानका लागि ५ करोड ६० लाख बजेट विनियोजन भएको छ ।
- कोभिड १९ को विद्यमान असहज परिस्थितमा PPE Mask सेनेटाईजर आदिका लागि बजेट विनियोजन गरिएको छ ।

## आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित बजेटको साराशं तालिका

# आर्थिक वर्ष २०७७/०७८ को बजेट साराशं तालिका


| स्रोत तर्फ | | उपयोग तर्फ | |
|---|---|---|---|
| आम्दानी (LPN) | २ अर्ब ७ करोड ३२ लाख | पूँजीगत बजेट | ३० अर्ब ६४ करोड ४८ लाख |
| विमानस्थल विकाश शुल्क | ६० करोड २८ लाख | कर्मचारी सम्बन्धी खर्च | १ अर्ब ३८ करोड ४० लाख |
| ऋण/शेयर/अनुदान | २० अर्ब ९५ करोड ६५ लाख | कर्मचारी अवकाश भुक्तानी | ५२ करोड २० लाख |
| | | अन्य कार्य संचालन खर्च | १ अर्ब ६६ करोड |
| **जम्मा** | २३ अर्ब ६३ करोड २५ लाख | **जम्मा** | ३४ अर्ब २१ करोड ८ लाख |
| नेपाल सरकारबाट प्राप्त हुनुपर्ने | ८६ करोड ४५ लाख | मु.अ.कर, आय कर तथा अन्य | ४ अर्ब ७४ करोड ४० लाख |
| बढी भुक्तानी भएको मु.अ.कर नेपाल सरकारबाट फिर्ता पाउनु पर्ने | १ अर्ब २६ करोड ६२ लाख | वायुयान संचालन कोषको नन् अपरेटिभ खाता | ६२ करोड ७ लाख |
| | | स्थिर सम्पत्ति प्रतिस्थापन कोष | १ अर्ब ५३ करोड ४८ लाख |
| | | | |
| जम्मा आम्दानी : | २५ अर्ब ७६ करोड ३२ लाख | | |
| २०७७ श्रावण १ गतेको पेश्की मौज्दात (मोविलाईजेसन + प्रतितपत्र) M | ५ अर्ब ३८ लाख | | |
| २०७७ श्रावण १ गतेको बैंक मौज्दात | १० अर्ब ३५ करोड ३८ लाख | | |
| **जम्मा** | ४१ अर्ब १२ करोड ०८ लाख | **जम्मा** | ४१ अर्ब ११ करोड ०३ लाख |
| खुद बचत (न्युन) | १ करोड ०५ लाख | | |

# आर्थिक वर्ष २०७७/०७८ को बजेट को श्रोत




आर्थिक वर्ष २०७७/०७८ र विगत ५ वर्षहरुको बजेट बिच तुलनात्मक चित्रण

# आ.व.२०७५/०७६ र ०७६/७७ को मासिक आयको तुलनात्मक चित्र



# आ.व. ०७६/०७७ र ०७७/७८ को तुलनात्मक बजेट विनियोजन



# धन्यबाद